# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः १९ मितिः २०८०।०९।०८

## भाग-२

### सम्बत् २०८० सालको कार्यविधि नं १०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको माछापुच्छ्रे गाउँपालिकाको" **प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि,२०८०"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०८०

**प्रस्तावना:**

माछापुच्छ्रे गाउँपालिकाका युवा विद्यार्थीहरूलाई प्राविधिक शिक्षा प्रति आकर्षित गर्न, विपन्न तथा लक्षित वर्गका विद्यार्थीहरूलाई प्राविधिक शिक्षा हासिल गर्नका लागि अनुकूल वातावरण सिर्जना गरी विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा छात्रवृत्ति वितरण  गर्नुका साथै  माछापुच्छ्रे गाउँपालिका वडा नं. ६ भिंडाबारीमा सञ्चालित प्राविधिक शिक्षालयको संस्थागत क्षमता अभिवृद्धि गरी प्राविधिक शिक्षा कार्यक्रमलाई प्रबर्द्धन र दिगो बनाउन बान्छनीय भएकोले,

माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०८० जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक, संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०८०" रहेको छ ।
ख) यो कार्यविधि माछापुच्छ्रे गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क. "ऐन" भन्नाले माछापुच्छ्रे गाउँपालिका शिक्षा ऐन २०७५ (संसोधन सहित) लाई सम्झनुपर्छ।
ख. "कार्यपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।
ग. "प्राविधिक शिक्षा छात्रवृत्ति" भन्नाले माछापुच्छ्रे गाउँपालिका अन्तर्गत सञ्चालन भएको श्री बराह माध्यमिक विद्यालय, माछापुच्छ्रे -६, भिंडाबारी, कास्कीको प्राविधिक शाखामा अध्ययन गर्ने गरीब तथा जेहेन्दार विद्यार्थीका लागि दिइने छात्रवृत्ति सम्झनुपर्छ ।
घ. "गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिकालाई सम्झनुपर्छ ।
ङ. "प्राविधिक शिक्षालय" भन्नाले माछापुच्छ्रे गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन लिई सञ्चालित प्राविधिक धारका विभिन्न विषयहरू अध्यापन गराउने सामुदायिक विद्यालय श्री बराह माध्यमिक विद्यालय, माछापुच्छ्रे-६, भिडाबारी, कास्कीलाई सम्झनुपर्छ ।
च. "प्राविधिक विषय" भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्धारण गरेका तथा पाठ्यक्रम विकास केन्द्र र राष्ट्रिय परीक्षा बोर्डले स्वीकृत गरेका डिप्लोमा तह कृषि पशु विज्ञान (३ बर्षे कार्यक्रम)/ प्रि-डिप्लोमा तह कृषि / बाली विज्ञान र कृषि पशु उत्पादन तथा पशु स्वास्थ्य (Livestock Production / Animal Health ) शिक्षा आदि विषयहरू सम्झनुपर्छ ।
छ. "विद्यार्थी" भन्नाले माछापुच्छ्रे गाउँपालिका अन्तर्गत सञ्चालित श्री बराह माध्यमिक विद्यालयमा प्राविधिक शिक्षामा अध्ययनरत छात्र छात्रालाई सम्झनुपर्छ ।
ज. "प्रमुख" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

झ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ञ. "शिक्षा प्रमुख" भन्नाले माछापुच्छ्रे गाउँपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

ट. "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले माछापुच्छ्रे गाउँपालिकामा रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखालाई सम्झनुपर्छ ।

ठ. "गाउँ शिक्षा समिति" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

ड. "वडा समिति" भन्नाले माछापुच्छ्रे गाउँपालिकाका वडाहरूमा स्थानीय तह निर्वाचनमा निर्वाचित जनप्रतिनिधिहरूको समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## प्राविधिक शिक्षा छात्रवृत्तिका लागि कोटा निर्धारण, दरखास्त आह्वान, छनौट तथा सिफारिसः

**३. छात्रवृत्तिका लागि कोटा निर्णारणः**

प्राविधिक शिक्षा छात्रवृत्तिका लागि गाउँपालिकाले प्रत्येक वर्ष प्रत्येक वडाका लागि दुई/दुईवटाका दरले जम्मा १८ वटा कोटा निर्धारण गरिनेछ। यो छात्रवृत्ति माछापुच्छ्रे गाउँपालिका अन्तर्गत सञ्चालित श्री बराह माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम अन्तर्गत अध्ययनरत विद्यार्थीहरूले अध्ययन अवधिमा एक शैक्षिक सत्रकालागि प्रति विद्यार्थी रू.४०,०००/- (चालीस हजार रूपैया) का दरले प्राप्त गर्न सक्नेछ ।

**४. प्राविधिक शिक्षा छात्रवृत्तिका लागि दरखास्त आह्वान :**

(१)हरेक वर्ष माछापुच्छ्रे गाउँपालिकाको सम्बन्धित वडा कार्यालयहरूले दरखास्त सङ्कलन र सिफारिस गर्ने गरी प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त गर्न चाहने प्रि-डिप्लोमा तह (१८ महिने कार्यक्रम) मा अध्ययन गर्ने विद्यार्थीहरूलाई प्राथमिकतामा पर्नेगरी १५ दिनको समयावधि तोकेर दरखास्त आह्वान गर्न सार्वजनिक सूचना जारी गर्नेछ ।दरखास्त दिँदा विद्यार्थीले तोकिएको ढाँचामा निवेदनका साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि / जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । निवेदन दिँदा कुनैपनि शुल्क लाग्नेछैन । प्राविधिक शिक्षा छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा अनुसूची १ मा तोकिए बमोजिम हुनेछ ।

(२)उपदफा (१) बमोजिम प्राप्त निवेदनहरू सङ्कलन गरी वडा कार्यालयले विद्यार्थी छनौटका लागि सम्बन्धित वडाको वडा समितिमा पेश गर्नुपर्नेछ।तर वडामा तोकिएको समयावधि भित्रमा २ जनाको मात्र निवेदन पर्न आएमा निजहरू स्वतः छनोट भएको मानिनेछ।

(३)वडा कार्यालयमा दुई भन्दा बढी संख्यामा निवेदनहरू पर्न आएमा सम्बन्धित वडाको वडा समितिले आवश्यक जाँचबुझ गरी प्राथमिकता क्रम निर्धारण गरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सबै निवेदनहरू पठाउनु पर्नेछ ।

(४) कुनै वडाबाट छात्रवृत्तिका लागि कुनैपनि विद्यार्थी सिफारिस भई नआएमा कूल संख्या(अठ्ठार) मा नबढ्ने गरी विद्यालयबाट विद्यार्थीको अभिलेख मागी गाउँपालिकाको गाउँ

माछापुच्छ्रे गाउँपालिका

शिक्षा समितिले छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्नेछ । यसरी छनौट गर्दा तपसिलका आधारमा गर्नेछ ।

क) गाउँपालिकाका स्थायी बासिन्दाका छोरा/छोरी/ बुहारीहरू मध्येबाट प्रत्येक वडाबाट दुई/दुई जनाको दरले पर्ने गरी विद्यार्थीहरू छनौट गर्न पहिलो प्राथमिकता दिईनेछ ।

ख) कुनै वडाबाट प्राविधिक पढ्ने विद्यार्थी नभएमा पालिकाका अन्य वडाहरूबाट प्राप्त निवेदनहरूलाई आधार लिएर जम्मा १८ जना विद्यार्थीहरू छनौट गरिनेछ ।

ग) खण्ड (ख) बमोजिमपनि कोटा पुरा नभएमा प्राविधिक पढ्ने जुनसुकै (३ बर्से डिप्लोमा वा १८ महिने प्रि-डिप्लोमा तहमा अध्ययन गर्ने माछापुच्छ्रे गाउँपालिका भित्रका स्थायी बासिन्दाका छोरा/छोरी/ बुहारीहरूलाई प्राथमिकतामा राखेर) विद्यार्थीहरूलाई आवश्यक जाँचबुझ गरी छनौट गरिनेछ ।

५. उपदफा (४) को खण्ड (घ) बमोजिम विद्यार्थीहरू छनौट गर्न तपसिलका आधारहरू अपनाईनेछ।

| क्र.सं. | क्षेत्र | कुल अङ्क | अङ्क दिने मापदण्ड |
|---|---|---|---|
| १ | SEE मा प्राप्त ग्रेड | ५ | ४ GPA प्राप्त गरेमा ५ अंक, ३.६ भन्दा माथी ४ अंक, ३.२ भन्दा माथी ३ अंक, २.८ भन्दा माथी २ अंक र २.४ भन्दा माथीको १ अंक |
| २ | लक्षित समूह | २ | दलित, अल्पसंख्यक/ अपाङ्ग / आदिवासी जनजातिका आधारमा कुनै एक वर्गका लागि २ अंक |
| ३ | सामुदायिक विद्यालयमा अध्ययन गरेको | ३ | कक्षा ८ देखि १० सम्म अध्ययन गरेको विद्यालयबाट प्राप्त पत्रको आधारमा कक्षागत १ अंक |
| ४ | विपन्न समुदाय | २ | गरिव तथा विपन्न भनी वडाबाट प्राप्त सिफारिस अनुसार २ अंक |
| ५ | गाउँ शिक्षा समितिबाट | ३ | समितिको मुल्याङ्कनबाट |

**६. छात्रवृत्ति संस्थागतरूपमा प्रदान गरिने:**

प्राविधिक शिक्षा छात्रवृत्तिको कार्यक्रममा छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति रकम अध्ययन कार्यक्रम अवधिभरमा रू चालीस हजारको दरले गाउँपालिकाबाट श्री बराह माध्यमिक विद्यालय, माछापुच्छ्रे-६, भिँडावारी, कास्कीको खातामा पठाइनेछ । सो रकमबाट शिक्षालयले छात्रवृत्ति पाउने विद्यार्थीका लागि लाग्ने शुल्क मध्ये छात्रवृत्ति रकम बमोजिमको रकम घटाएर शुल्क लिनुपर्नेछ ।

**७. कबुलियतनामा गर्नु / गराउनुपर्ने:**

प्राविधिक शिक्षा छात्रवृत्तिकालागि छनौट भएका विद्यार्थीहरूसँग अनुसूची -२ बमोजिमको ढाँचामा सम्बन्धित शिक्षालयले पुरा अवधिभर सोही शिक्षालयमा अध्ययन गर्नुपर्ने कबुलियतनामा गराउनु पर्नेछ ।

**८. संसोधन, हेरफेर र व्याख्या:**

यस प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०८० मा कुनै संशोधन वा हेरफेर र कानुन बमोजिम कुनै कुराको अस्पष्टता भएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले संसोधन, र कानुन बमोजिम व्याख्या गर्न सक्नेछ ।

**अनुसूची १**

प्राविधिक शिक्षा छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा

मितिः २०.... । ..........

श्रीमान् अध्यक्ष ज्यु
श्री वडा कार्यालय
माछापुच्छ्रे गाउँपालिका वडा नं ...... कास्की ।

विषयः प्राविधिक शिक्षा छात्रवृत्ति पाउँ ।

प्रस्तुत विषयमा माछापुच्छ्रे गाउँपालिकाबाट मिति ............ मा प्रकाशित सूचना अनुसार प्रदान गरिने प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमका लागि म आफुलाई योग्य ठानी देहाय बमोजिमका विवरण सहित यो निवेदन पेश गरेको छ । गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने अवसर प्रदान गरिदिनु हुन अनुरोध गर्दछु ।

**संलग्न कागजातहरूः**

क) नेपाली नागरिकता / दर्ताको प्रमाण पत्रको प्रतिलिपि
ख) माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को ग्रेडसिट तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपिअ
ग) अन्य आवश्यक कागजातहरू
घ) कबुलियतनामा

निवेदकको विद्यार्थीकोः
दस्तखतः
नामथर :
ठेगाना
सम्पर्क नम्बरः

माछापुच्छ्रे गाउँपालिका

# अनुसूची- २
# कबुलियतनामा

मितिः २०........... ......

कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका निवासी श्री ................................................ को छोरा/छोरी/बुहारी म ................................................ले माछापुच्छ्रे गाउँपालिका स्थित श्री बराह माध्यमिक विद्यालयको प्राविधिक धार तर्फको तीनबर्षे/१८ महिने अवधिको .......................... ........................ विषयमा अध्ययनरत छु/ अध्ययन गर्न ईच्छुक छु । मैले गाउँपालिकाबाट प्राप्त प्राविधिक शिक्षा छात्रवृतिको उद्देश्य अनुसार अनुशासित र लगनशील रूपमा अध्ययन गर्नेछु। छात्रवृति पाएपछि बीचैमा अध्ययन छाड्ने छैन । यदि अध्ययन छोडेमा कानुन / नियमानुसारको सजाय सहुँला / बुझाउँला भनी वडा कार्यालयको रोहवरमा यो कबुलियतनामामा सहीछाप गरी पेश गर्दछु ।

कबुलियतनामा गर्ने विद्यार्थीको

दस्तखतः

नामथर : ... ... ... ... ... ... ... ... ... ... ... ...

ठेगानाः ... ... ... ... ... ... ... ... ... ... ... ...

सम्पर्क नम्बरः

रोहवरः

सम्बन्धित वडाका वडाध्यक्ष
दस्तखतः

नामथर : ... ... ... ... ... ... ... ... ... ... ... ...

वडा नम्बर :

सम्पर्क नं :

वडा कार्यालयको छाप

आज्ञाले,
गोपीकृष्ण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

माछापुच्छ्रे गाउँपालिका